अन्तिम लेखापरीक्षण प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका,म्याग्दी

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: १५१

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
अन्नपूर्ण गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १५१ मितिः२०७८।०४।०५

श्री अध्यक्षज्यू,
अन्नपूर्ण गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.६२ लाख ८७ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. २३ लाख ५३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २१ हजार नियमित गर्नुपर्ने रु. २९ लाख ९३ हजार र पेस्की बाँकी रु.९ लाख २० हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ (एकाईस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने क निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

लेखापरीपरीक्षण प्रतिवेदन

पालिकाको आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४६,२२,७७,९५५.१५	४४,३२,२९,४२६.८१		४४,३२,२९,४२६.८१
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३६,२१,३१,०००	३४,४८,२४,४३३.८८	०	३४,४८,२४,४३३.८८
११००० कर	११	७,०२,२३,०००	४,९०,४४,९८२.८८	०	४,९०,४४,९८२.८८
१३००० अनुदान		२८,५५,८८,०००	२८,३०,८८,०००	०	२८,३०,८८,०००
संघीय सरकार	१२	२६,२३,४५,०००	२६,२३,४५,०००	०	२६,२३,४५,०००
प्रदेश सरकार	१२	२,३२,४३,०००	२,०७,४३,०००	०	२,०७,४३,०००
१४००० अन्य राजस्व		६३,२०,०००	१,२६,९१,४५१	०	१,२६,९१,४५१
ख. अन्य प्राप्ति		१०,०१,४६,९५५.१५	९,८४,०४,९९२.९३		९,८४,०४,९९२.९३
कोषहरु		१,१८,६८,४५५.१५	१,१८,६८,४५५.१५	०	१,१८,६८,४५५.१५
धरौटी		०	३४,४६,८१९.१०	०	३४,४६,८१९.१०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		८,८२,७८,५००	८,३०,८९,७१८.६८	०	८,३०,८९,७१८.६८
भुक्तानी (ग+घ)		५०,६१,०५,०२७.३१	३४,६८,०१,९४०.७७		३४,६८,०१,९४०.७७
ग. भुक्तानी (सञ्चित कोषबाट)		४०,५९,५८,०७२.१६	२५,६७,९७,८५९.८९		२५,६७,९७,८५९.८९
२१००० पारिश्रमिक / सुविधा	१८	१७,५३,९७,३४०	१४,१७,१३,१३७.४६	०	१४,१७,१३,१३७.४६
२२००० मालसामान तथा सेवाको उपयोग	१८	६,८५,९७,८००	३,७०,६१,९५०.६२	०	३,७०,६१,९५०.६२
२५००० सहायता (Subsidy)	१८	३१,२३,०९०	२७,६९,३४५	०	२७,६९,३४५
२७००० सामाजिक सुरक्षा	१८	९२,१३,११५	५०,४३,८०१.७०	०	५०,४३,८०१.७०
२८००० अन्य खर्च	१८	३१,९०,०००	२७,५१,५५०	०	२७,५१,५५०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१४,६४,३६,७२७.१६	६,७४,५८,०७५.११	०	६,७४,५८,०७५.११
घ. अन्य भूक्तानी		१०,०१,४६,९५५.१५	९,००,०४,०८०.८८		९,००,०४,०८०.८८
कोषहरु		१,१८,६८,४५५.१५	४८,७८,८५६.४५	०	४८,७८,८५६.४५
धरौटी		०	२०,६२,५००	०	२०,६२,५००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		८,८२,७८,५००	८,३०,८९,७१८.६८	०	८,३०,८९,७१८.६८
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(२६,९९४.२५)		(२६,९९४.२५)
ङ. यो वर्षको बचत (न्युन)		(४,३८,२७,०७२.१६)	९,६४,२७,४८६.०४		९,६४,२७,४८६.०४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			६,७९,९२,६८०.०६		६,७९,९२,६८०.०६
वर्षान्तको बाकी रकम (ङ + च)		(४,३८,२७,०७२.१६)	१६,४४,२०,१६६.१०		१६,४४,२०,१६६.१०
बैंक तथा नगद बाकी	२४		१६,४४,२०,१६६.१०		१६,४४,२०,१६६.१०

दफा नं	भौ.नं., मिति र व्यहोरा	वेरुजु रकम

परिचयःस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। गाउँपालिकामा ८ वटा वडा र ५५६.४१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

असुलीः प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया फर्छयौटवाट शिक्षकको तलवमा वढी निकासा लगायतका शिर्षकवाट रु.४६७१३२।०० असूल भई संचित कोष दाखिला भएको छ ।

१. **वित्तीय विवरणको विश्लेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- पालिकाले पेश गरेको प्रमाणित एकिकृत आर्थिक विवरण तथा सुत्रको २७२ विच निम्नानुसारको फरक देखिएकोले फरक पर्नुको कारण यस प्रकार रहेको छ।

संचित तथा विभिन्न कोषको यथार्थ बैंक मौज्दात	सुत्रको २७२ मा देखाएको बैंक मौज्दात	फरक देखिएको रकम	संघ तथा प्रदेश सशर्त एंव समपुरक फिर्ता गरिएको रकम	कैफियत
११७४४२१५७.१६	१६४४२०१६६.१०	४६९७८००८.९४	४६९७८००८.९४	२०७७।०३।३० मा फिर्ता भएको प्रमाण पेश भएको।

- कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सो ले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वयन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।
- पालिकाले पालिकामा प्राप्त भएका सम्पुर्ण आम्दानीलाई आम्दानी वाँधी वैक दाखिला गर्नुपर्नेमा सोझै वैक जम्मा गराउने र वैक स्टेटमेन्टको आधारमा मात्र आम्दानी वाँध्ने गरेकोले पालिकाले पेश गरेको वित्तिय विवरणले यथार्थ अवस्था चित्रण गर्दैन।

  पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको पञ्जिकरण लगायतका आधारभुत

तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि पालिकाले सञ्चित कोषमा रकम ट्रान्सफर गरेको पाइएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा सोको पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईए ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन ।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन ।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाउँपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।
- गाउंपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्याबधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश

भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा रु.३४ करोड ७८ लाख ५६ हजारको बजेट मिति २०७६।०३।१० गते सभा समक्ष पेश गरेकोमा २०७६।३।१८ मा पारित भएको छ। बजेट पारित पश्चात गाउँपालिका अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यस्थानुसार २०७६।०३।२३ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।

४. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ। त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ।

(रु. हजारमा)

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
पुँजीगत	६७४५८	०	४३४३	६३११५	३५९६८
खर्चको प्रतिशत	१००	०	६.४४	९३.५६	५३.३२

चौमासिकगत खर्चको स्थितिबाट पहिलो चौमासिकमा पूँजीगत खर्च शून्य प्रतिशत तथा तेस्रो चौमासिकमा ९३.५६ प्रतिशत खर्च हुनुले वर्षान्तमा बढी खर्च भएको देखियो। विकास निर्माणका सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने देखिएकोले काममा गुणस्तर समेत हुन नसक्ने भएकोले चौमासिक रुपमा काम गर्ने परिपाटी वनाउनु पर्ने देखिन्छ।

५. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १० लाख ६० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष संचालन भएका योजनाहरु देहायअनुसार छन्:

स न	ववरण	योजना संख्या	रकम (रु हजारमा)
१.	रु एक लाख भन्दा कमको योजना	६	३५०
२.	रु एक लाख देखी दुई लाख सम्मका योजना	२७	३६७०
३.	रु दुई लाख देखी पाँच लाख सम्मका योजना	३२	१२३५०

४.	रु पाँच लाख देखि दश लाख सम्मका योजना	१९	१४६२३
५.	रु दश लाख एक देखि पचास लाख सम्मा योजना	१९	२९९८८
६.	रु पचास लाख भन्दा माथिका योजनाहरु	०	०
	जम्मा	१०३	६०९८१

७. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस १६५१, घरबाटो सिफारिस १२७, नाता प्रमाणित ४३५, जन्म तथा मृत्यु दर्ता १५५५, वसाईसराई ५५ र अन्य ४४१ दर्ता गरेको पाइयो। पालिकाले अन्यमा ४४१ संख्या दर्ता भएको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ। (रु हजारमा)

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल मध्ये खर्च प्रतिशत
आर्थिक विकास	२३३४१	७५९३	२.९६
सामाजिक क्षेत्र	२०५७७१	१५५१६९	६०.४६
पूर्वाधार विकास क्षेत्र	८४१३५	४२६९२	१६.६३
वातावरण तथा विपद व्यवस्थापन	१८८०	१५००	०.५८
वित्तिय व्यवस्थापन तगा सुशासन	१४४५०	९३५	०.३६
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	३६६७२	१६२२२	६.३२
संस्थागत विकास तथा सेवा प्रवाह	५२२३३	३२५३७	१२.६९
जम्मा	४१८४८२	२५६६४८	१००

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु।१ करोड ४५ लाख ०९ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु।३३ करोड ०३ लाख १५ हजार समेत रु.३४ करोड ४८ लाख २४ हजार आम्दानी भएकोमा चालु तर्फ रु।१८ करोड ९३ लाख ४० हजार र पूँजिगत तर्फ रु।६ करोड ७४ लाख ५८ हजार समेत रु।२५ करोड ६७ लाख ९८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ५।६५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु।७४ लाख ४६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५१।३१प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४।९० प्रतिशत चालु र ४५।१० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा कम खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। पालिकाले आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको सुत्रको वित्तिय प्रतिवेदनको अनुसुची २१ मा फिर्ता गर्न वाँकी अनुदान रु।४६९७८००८।९४ रहेकोमा मिति २०७७।०३।३० मा दुई बैंक भौचरबाट सम्वन्धित निकायमा फिर्ता भएको भौचर पेश भएको छ।

११. **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको

क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृती, समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीवाट नक्सा तयार गराई निःशुल्क उपालव्ध गराउने व्यवस्था रहकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृती वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ।

आन्तरिक आयतर्फ :

१२. स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा र विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.१ करोड ४५ लाख ०९ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१२.१. **आन्तरिक आयको विश्लेषणः** पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा पालिकाले रु.१ करोड ४५ लाख ०९ हजार वास्तविक आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तिय विवरणको अनुसुची ११ मा प्राप्त भएको आन्तरिक राजस्व रु.१ करोड ३० लाख ७७ हजार मात्र देखाएको छ। सुत्रले देखाएको वित्तिय विवरणमा पालिकाको आर्थिक ऐनमा समावेश गरिएका आन्तरिक आय तर्फका शिर्षकहरुवाट के कति राजस्व प्राप्त भएको हो सो समेत एकिन नभएकोले पालिकाको एकिकृत आय व्यय विवरण र सुत्रको अनुसुची ११ मा फरक परेको रकम रु.१४ लाख ३२ हजारको सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ। साथै पालिकाले आन्तारिक आयको यथार्थ अवस्था चित्रण हुने गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

१२.२. **नगदी रसिदको अवस्था एकिन नभएकोः** पालिकाका विभिन्न वडामा संकलित राजस्व नगदी रसिद मार्फत संकलन गरिदै आएकोमा रसिद नियन्त्रण खाता अद्यावधिक नभएको कारणले पालिकामा आ.व. २०७५।७६ मा प्रयोग गरी वाँकी रहेका तथा यस वर्ष छपाई भई वितरण गरिएका नगदी रसिद तथा मालपोत रसिद के कति मात्रमा प्रयोगमा आए नआएका सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले दिएको जानाकारी अनुसार वडामा वितरण गरेको सम्पुर्ण रसिदहरु लेखापरीक्षण अवधिसम्म पनि पालिकामा उपलव्ध नभएकोले तथा आ.व. २०७६।७७ मा वितरण भएका नगदी नगदी रसिदमार्फत आ.व. २०७७।७८ मा समेत राजस्व संकलन भएकोले राजस्व सम्वन्धमा पालिकाले आम्दानी वाँधेको राजस्व यथार्थ हो भनी विस्वस्त हुन सकिएन। पालिकाले रसिद नियन्त्रण खाता अद्यावधिक गरी राजस्वको अभिलेखांकन पद्धतिलाई व्यवस्थित वनाउनुपर्दछ।

१२.३. **आन्तरिक आयको ठेक्काः** पालिकाबाट यस आर्थिक वर्षमा आन्तरिक आयतर्फ भएको ठेक्का संझौताको स्थिति यस प्रकार रहेको छः

ठेक्काको शिर्षक	न्यूनतम मूल्यांकन मू अ कर समेत	संझौता रकम मू अ कर समेत	प्राप्त भएको रकम
तातोपानी कुण्ड (सानो)	१५००००	२३६५१५	२१६४१५
भुरुङ्ग तातोपानी कुण्ड	४५०००००	५८०००००	३९६६०००
पुनहिल प्रवेश शुल्क र क्यान्टिन संचालन	५५०००००	५५०१०००	४६७३०००
	१०१५००००	११५३७५१५	८८५५४१५

माथि उल्लिखित विवरणमा संझौता अनुसार रकम प्राप्त नहुनुमा कोभिड १९ को कारण जिल्ला प्रशासन कार्यालय

म्याग्दीबाट सार्वजनिक स्थलमा जम्मा हुने, कुण्ड तथा स्वीमिङ पुलमा नजाने गरी भएको निर्णय बमोजिम २०७६।१२।०७ को कार्यपालिकाबाट निर्णय भई २०७६।१२।१० गतेबाट लागू हुने गरी सबै कुण्ड तथा पर्यटकीय पार्कहरु अनिश्चित कालको लागि बन्द गर्ने निर्णय गरिएकोले ठेकेदारबाट सो मिति पछिको थप रकम नलिने गरी कार्यपालिकाले निर्णय गरी सो निर्णयालाई २०७७।०३।०७ मा गाउँसभाबाट अनुमोदन गरेको पाइयो। जसको कारण संझौता बमोजिम पालिकाले रकम प्राप्त गर्न नसकेको देखियो। संझौता रकमको करिव ७७ प्रतिशत रकम संकलन भएको पाइयो।

१२.४. **मूल्यांकनको स्पष्ट आधार नभएको:** पालिकाले आफ्नो क्षेत्रभित्रको प्राकृतिक स्रोतबाट आन्तरिक आयमा ठेक्का लगाउन दुई कुण्ड तथा एउटा पार्क प्रवेश शुल्कको लागि रु.१ करोड २ लाखको न्यूनतम रकम मूल्यांकन गरेकोमा विगतको मूल्यांकनलाई मात्रै आधार लिएको पाइयो। कुण्ड तथा पुनहिल पार्कमा दैनिक औसतमा कति मानिसको आगमन हुन्छ सोमा प्रवेश शुल्कको दर निर्धारण गरी आयको अनुमान गरी सोको आधारमा यथार्थपरक रुपबाट न्यूनतम रकम निर्धारण गरी ठेक्का व्यवस्थापन गरेको खण्डमा पालिकाको आन्तरिक आयलाई वृद्वि गर्न सकिने देखिन्छ।

१३. **कोभिड-१९ तर्फः**

आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ। रु हजारमा

आम्दानीका स्रोत	रकम	खर्च शिर्षक	रकम
स्थानीय तहको आफ्नै वजेटवाट	७०००	राहत वितरण	१८६१
संघीय कोभिड कोषवाट	०	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	७३०
प्रदेश कोभिड कोषवाट	५००	औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	१०५२
अन्य स्रोतवाट	१९४९	आइसोलेशन केन्द्र निर्माण	४३९
संसद विकास कोषवाट	०	जनशक्ति परिचालन	४९१
शिक्षक कर्मचारीवाट	०	अन्य खर्च	२५७
	०	वाँकी	४६१९
जम्मा	९४४९	जम्मा	९४४९

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले राहात वितरण गर्न खरिद गरेका खाद्यान्न सामाग्री तथा औषधी एवम् स्वास्थ्य उपकरण विना प्रतिष्पर्धा सिधै खरिद गरेको पाइयो।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा खरिद गरीएका सम्पुर्ण सामाग्री हालसम्म पनि पालिकाको कार्यालयमा आइनपुगेकोले कार्यालयमा ल्याई उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- पालिकाले उपलव्ध गराएको विवरणअनुसार अन्य शिर्षकमा रु २ लाख ५७ हजार खर्च भएको खर्च भएको देखिन्छ। पालिकाले शिर्षकगत खर्चको विवरण अद्यावधिक गरी श्रेष्ता राख्नुपर्दछ।

समानीकरण चालुः

१४. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष खाना तथा विविधमा रु २८लाख ६४ हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१५. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत

मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको विपद व्यवस्थापन तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा रु.२९६०००।०० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाले चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।

भौ.न र मिति	आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्थाको नाम	सहायता रकम
३६.२०७६.१०.१२	भिम बहादुर तिलिजा	२५०००
३६.२०७६.१०.१२	राजेश तिलिजा	६१०००
३७.२०७६.१०.२२	दुधिमा गर्वुजा	५००००
३९.२०७६.१०.२२	मनकाजी गर्वुजा	२५०००
३९.२०७६.१०.२२	धनकुमारी बरुवाल	२५०००
९०.२०७६.११.२८	म्याग्देली विद्यार्थी परिवार	५००००
२०२.२०७७.०२.२३	कालीगण्डकी सुरक्षित मातृत्व वचत आमा समूह	२००००
२१५.२०७७०२.३०	मनिषा घर्ती कार्की	१००००
२५७.२०७७.०३.२४	चन्द्र बहादुर गर्वुजा	३००००
	जम्मा	२९६०००

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६. **स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको विभिन्न पद ल्याव टेक्नीसियन २ सामाजिक परिचालक र स्रोत व्यक्ती गरी जम्मा ४ जनालाई मासिक जम्मा रु.८८९९०।०० का दरले तलव सुविधा तोकी दशै खर्च समेत १३ महिनाको जम्मा भुक्तानी भएको रकम नियम संमत नभएको रु... ११५६८७०

१७. **प्रथम अन्नपूर्ण पर्यटन महोत्सव तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता २०७६ मा भएको खर्चको स्थितिः** पालिकाले गाउँपालिकाको पर्यटन प्रवर्धन तथा खेलकुदको विकासको लागि प्रथम अन्नपूर्ण पर्यटन महोत्सव तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता २०७६ वडा नं ४ नारच्याङमा मिति २०७६।१०।१६ देखि २०७६।१०।२१ सम्म संचालित उक्त महोत्सव तथा खेलकुदमा जम्मा रु ३४ लाख खर्च भएको छ। सो महोत्सवमा भएको खर्चका शिर्षकगत विवरण तथा खर्चको बिल भरपाई परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्।

सि न	खर्चका शिर्षक	भएको खर्च	कर कट्टी	वास्तविक खर्च
१.	स्थान तथा स्टल व्यवस्थापन	२७२००२	३६०५	२६८३९७
२.	स्वास्थ्य तथा सरसफाई	३३२८	५०	३२७८
३.	खेलकुद सामाग्री खरिद	८०३६६	१०६७	७९२९९

४.	कप मेडल तथा प्रमाणपत्र	७५०८१	९९७	७४०८४
५.	व्यानर तथा ब्रोसर निर्माण	४६४९८९	६१७२	४५८८१७
६.	प्रचारप्रसार तथा मिडिया	६६५००	८३३४	५८१६६
७.	खेलकुद तथा पुरस्कार भलिवल	४३००००	१०७५००	३२२५००
८.	नृत्य पुरस्कार	४८०००	१२०००	३६०००
९.	ढुवानी तथा यातायात	७३६६००	७३६६०	६६२९४०
१०.	अफिसियल भत्ता	१२२७६१	१९०६१	१०३७००
११.	नृत्य संरक्षण प्रोत्साहन	२५०००	३७	२४९६३
१२.	आवास खाना	५९६१६८	८९४३	५८७२२५
१३.	म्यूजिक सिस्टम भाडा तथा अपरेटर	५००००	३७२५	४६२७५
१४.	कलाकार व्यवस्थापन	१५८२००	२३७३	१५५४२७
१५.	डकुमेन्ट्री निर्माण तथा प्रदर्शनी	१५००००	३५२५	१४६४७५
१६.	विविध	१५९४५१	७८३५	१५१६१६
	जम्मा	३४३८४४६	२५८८८४	३१७९५६२

१८. **चैत्रमा चाडपर्व खर्चः१२७।२०७६।१२।१९** कर्मचारीले वर्षको एक पटक शुरु तलव स्केल वरावरले हुने चाडपर्व खर्च शुरु आर्थिक वर्षमा जुन महिनामा लिएको छ पछिल्लो आर्थिक वर्षमा पनि सोही मिति वा सोही पर्वको अवसरमा लिनु लिने सम्वन्धित कर्मचारीले घोषणा गर्नुपर्ने तथा कार्यालयले सोको अभिलेख राखी सोही बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकामा नयाँ नियुक्ती भई आएका निम्न पदका ९ जना कर्मचारीहरुले चैत्रमा चाडपर्व खर्च लिएको पाइयो।निज कर्मचारीहरुले पछिल्लो आर्थिक वर्षमा उक्त समयमा नलिई आश्विनमा लिएकोले यसरी फरक फरक मितिमा भुक्तानी नगरी सोही मितिमा खर्च लेख्नुपर्दछ।.

सि न	पद	कर्मचारीको नाम	नियुक्ती मिति	भुक्तानी लिएको रकम
१.	ईञ्जिनियर	इश्वर भण्डारी	२०७६.०९.२०	३५९९०
२.	शिक्षा अधिकृत	गणेश बहादुर कट्वाल	२०७६.१०.२१	३५९९०
३.	लेखापाल	प्रेम प्रसाद पराजुली	२०७६.०८.२९	२८२००
४.	सहायक पाचौं	विद्या पौडेल	२०७६.०८.२६	२८२००
५.	सहायक पाचौं	पुजा कुमारी अर्याल	२०७६.०८.२६	२८२००
६.	सव ईञ्जिनियर	रुचेन्द्र अधिकारी	२०७६.१०.२०	२८२००
७.	प्रा स	मेख बहादुर घर्ती	२०७६.१०.१०	२८२००
८.	सहायक चौथो	अस्मिता तिवारी	२०७६.०९.२२	२६६१०
९.	सहायक चौथो	फानमाया काफ्ले	२०७६.०९.२४	२६६१०
			जम्मा	२६६२००

राष्टपति रनिङ्ग शिल्ड तर्फः

१९. **मापडण्ड भन्दा बढी दरको प्रयोगः** गण्डकी प्रदेश सरकारले जारी गरेको खर्चको मापदण्ड, २०७५ को बुदाँ न ६(५) मा सार्वजनिक निकायबाट संचालित गोष्ठी सेमिनार संमेलन कार्यशाला तालिम लगाएतका कार्यक्रमका सहभागीहरुलाई खाना तथा खाजाको दर प्रति व्यक्ति प्रतिदिन तोकिएकोमा पालिकाबाट संचालित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०७६ मा निम्ननुसार मापदण्डले तोकेको भन्दा फरक दरमा खर्च भएकोले यसरी मापदण्ड विपरीत भएको जम्मा रु।४१३५०।०० पेश्की लिई कार्यक्रम संचालन गर्नेबाट असूल गरी दाखिला गर्नुपर्ने रु. ४१३५०

विवरण	हुनुपर्ने दर प्रति पटक	भएको दर	फरक दर	संख्या	बढी खर्च
खाना सेट	२००	३००	१००	३७७	३७७००

खाजा सेट	१००	१५०	५०	७३	३६५०
				जम्मा	४१३५०

२०. **कृषिमा अनुदानः** कृषि अनुदानको रकम वितरण गर्दा निश्चित मापदण्ड तथा कार्यविधी बनाएर मात्र वितरण गर्नुपर्दछ। सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाले स्पष्ट कार्यविधि वेगर निर्णयका आधारमा मात्र कृषि अनुदान वितरण गरेको पाइयो। पालिकाले यस आ व मा वित्तीय समानीकरण चालुबाट कृषकलाई वोयर बोका खरिदको लागि १०० प्रतिशत अनुदानमा रु.३ लाख ६० हजार रकम भुक्तानी भएकोमा कार्यविधि वेगर अनुदानको रकम भुक्तानी भएकोले स्पष्ट कार्यविधि वनाई अनुदान वितरण गर्नुपर्दछ।

२१. **दोहोरो तलव भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिका अन्तरगतका विद्यालयहरुलाई उक्त ऐन बमोजिम तोकिएको तलवमान अनुसार अनुदान उपलब्ध भएको तथा विद्यालयको माग बमोजिमको रकम सशर्तबाट निकासा समेत भएकोमा सर्वोदय मा वि ले थप अतिरिक्त कार्य गरेको भनी १२ महिनाको थप रकम माग गरेकोमा पालिकाले वित्तीय समानीकरण चालुबाट निम्न शिक्षकहरुको नाममा जम्मा रु.६४५३४५।०० निकासा भएको पाइयो। विना आधार दोहोरो भुक्तानी भएको रकम सम्वन्धित विद्यायलयबाट यथाशिघ्र असूल गरी दाखिला गर्नुपर्ने रु... ६४५३४५

सि न	पद	शिक्षकको नाम	भुक्तानी भएको रकम
१.	प्र अ	किसन बहादुर पुन	३१८५०
२.	स प्र अ	गोविन्द थापा	५२१२५
३.	मा वि तृतीय	ठकराज बरुवाल	६८००
४.	मा वि तृतीय	जीवन रामजाली	३००००
५.	मा वि तृतीय	नविन पुन	१७२५०
६.	मा वि तृतीय	याम बहादुर क्षेत्री	१७२५०
७.	नि मा वि तृतिय	खेमनाथ शर्मा	१२८५७०
८.	नि मा वि तृतिय	मुरारी पौडेल	७५९५०
९.	नि मा वि तृतिय	सुरेश सुनार	३१२००
१०.	नि मा वि तृतिय	लेटबहादुर खड्का	११५००
११.	नि मा वि तृतिय	रश्मी खड्का	११५००
१२.	नि मा वि तृतिय	सरस्वती गिरी	११५००
१३.	नि मा वि तृतिय	शोभा जि सी	११५००
१४.	नि मा वि तृतिय	दिपक बहादुर शाही	१८६००
१५.	बा बि के	शुसिला बरुवाल	८०५००
१६.	लेखापाल	शान्ती फगामी	५१७५०
१७.	का स	विष्णु पुर्जा	५७५००
		जम्मा	६४५३४५

प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम तर्फः

२२. **५० प्रतिशत मू अ कर कट्टी नभएकोः** ३।२०७७।०३।२७ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित

	आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले शिख मा.वि.आवासीय भवन निर्माण कार्यको लागि उत्तरगंगा निर्माण सेवा म्याग्दीलाई रु.४३५७०३९।०० भुक्तानी दिएकोमा मू.अ.कर रकम रु.४९७०७५।०० को ५० प्रतिशत कट्टी गरी राजश्व शिर्षकमा दाखिला गर्नुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले ५० प्रतिशतले हुने रकम असूल गर्नुपर्ने रु.	२४८५३८
	संसद विकास कोषतर्फः	
२२.१.	**५० प्रतिशत मू अ कर कट्टी नभएकोः३।२०७७।०३।२७** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले नागी राम्चे हिस्तान घरामदी महाविर सडक निर्माण कार्यको लागि मंगला कन्स्ट्रक्सन प्रा लि म्याग्दीलाई रु१७३१९८०।०० भुक्तानी दिएकोमा मू.अ.कर रकम रु.१९९२५४।०० को ५० प्रतिशत कट्टी गरी राजश्व शिर्षकमा दाखिला गर्नुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले ५० प्रतिशतले हुने रकम असूल गर्नुपर्ने रु.	९९६२७
	कालीगण्डकी करिडोर समाजिक उत्तरदायित्वबाट प्रास सहायता पूँजीगत तर्फः	
२३.	**बढी दरमा भुक्तानी ०३।२०७७।०२।१९ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा भवन मर्मत कार्यको लागि वडा भवन मर्मत उपभोक्ता समितिलाई आइटम नं ०७ को १:२:४ को ढलान कार्यको दर विश्लेषण अनुसार प्रति घनमिटर दर रु.१३८१३.१९ हुनुपर्नेमा प्रतिघनमिटर दर रु. १६१४३.१९ राखी २४.५८ घनमिटरको भुक्तानी भएकोले फरक दर रु.२३३०।०० ले कूल कार्य २४.५८ घनमिटरको बढी भुक्तानी भएको रु.५७२७१।०० सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु..	५७२७१
२३.१.	**फर्मामा बढी भुक्तानीः** पालिकाले वडा भवन मर्मत उपभोक्ता समितिलाई निम्न आइटम नं को फर्माको कार्यको भुक्तानीमा स्वीकृत दररेट भन्दा बढी दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको असूल गर्नुपर्ने रु...	२९४३७

आइटम नं	कामको विवरण	परिमाण	हुनुपर्ने दर	भएको दर	फरक दर	बढी भुक्तानी
५	स्थानीय काठको फर्माको कार्य	४५.२३	१०८३,९८	१३७०.८०	२८६.८२	१२९७३
६	स्ल्यावमा फर्मा	११७.०७	७६७.३४	९०७.९७	१४०.६३	१६४६४
	जम्मा					२९४३७

	वित्तीय समानीकरण पूँजिगतः	
२४.	**उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ।	
२५.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी	

मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्ने देखिन्छ ।

२६. **पुंजीगतवाट चालु खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुंजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस गाउँपालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु १२९४१३०|- चालु खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुंजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश खर्च विभन्न सामग्री वितरण, कृषि तथा पशुसवा सम्बन्धी आलु, च्याउ, लगायतका तरकारीको विउँ वितरण, भकारो सुधार कार्यक्रम, निलोतुथो वितरण, बाख्रा वितरण जस्ता वितरणमुखी कार्यक्रम समावेश भएको देखिन्छ। पुंजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुंजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुंजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन्

गो.भौ.न र मिति	चालु प्रकृतिका खर्च विवरण	रकम
७-२०७६/१०/२६	आलुको विउ बितरण	५००००
२८-२०७६/११/२६	तरकारीको विउ बितरण	९००००
५७-२०७७/२१	च्याउको विउ बितरण	४००००
३८-२०७६/१२/५	निलोतुथो बितरण	७९९००
१०५-२०७७/२/२९	दलित विपन्न सहायता कार्यक्रम (सिरक वितरण)	१५००००
११५-२०७७/३/३	पोषण सामग्री वितरण	१०००००
११३-२०७७/३/२	दलित उत्थान कार्यक्रम (बाख्रा वितरण)	१५००००
१२४-२०७७/३/४	बाल संजाल कार्यक्रम	४००००
१८५-२०७७/३/२९	भकारो सुधार कार्यक्रम	६००००
१८०-२०७७/३/२६	विउ विजन वितरण	९२९५०
१७८-२०७७/३/२६	सुन्ताल र कागतिको विरुवा	४४१२८०
	जम्मा	१२९४१३०

२७. **बढी भुक्तानी :** ३०६, २०७७।३।२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले निम्न योजनामा स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गरी लागत अनुमान तयार गरी सोही अनुरुप उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्नेमा दर विश्लेषण भन्दा बढि दर भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी भएको रकम असूल हुनुपर्ने रु १५५०९९

गो भौ नं	योजनाको नाम	कामको विवरण	परिमाण	दर विश्लेषण अनुसारको	भुक्तानी दर	बढि भुक्तानी

				दर		
१५१	सोभित्ता चौतारा देखि स्वात मन्दिरसम्म पर्यटन पदमार्ग	फर्माको काम (स्कायर मिटरमा)	३१.१३	४९७	७६७.६८	८४२६
१६३	प्रभा मा वि प्रवेशद्धार घेरावार	५०फफ को कालो फलामे पाइप (के जी)	१४४५.७४	२१०	२५५.१२	६५२३१
		फर्माको काम (स्कायर मिटरमा)	४१.८४	७६७.६८	८८२.५२	४८००
१६६	वडा भित्र गोरेटो बाटो स्तरोन्नती	सुख्खा ढुंगाको सिढी लगाउने	७७.८१	३३१०	४२९५	७६६४२
					कुल जम्मा	१५५०९९

२८. **उपभोक्ताले अन्य व्यवसायी मार्फत काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । साथै उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको संझौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले पुनहिलमा २३ सेट सौर्य सडक वत्ति जडानको लागि उपभोक्तालाई सम्झौता गरी काम लगाएकोमा उपभोक्तालले उक्त कार्य ए जी पावर सप्लायर्श मार्फत गराएको पाइयो।उपभोक्ताले पेश गरेको विलमा उक्त सप्लायर्शले पेश गरेको विलमा उक्त बत्ती जडान र खन्ने पर्ने लगायतका सबै काम गरी उक्त कामको रु २५९९९२०।को मु अ कर विजक जारी गरेको देखिन्छ।उक्त विजकमा उक्त बत्ती जडानको लागि खन्ने कामको समेत मु अ कर विजक जारी गरेकोले उपभोक्ताले सम्पुर्ण कार्य ए जी पावर सप्लायर्श मार्फत गराएको देखिन्छ।पालिकाले उक्त कार्यको लागि रु उपभोक्ताको योगदान कटाएर रु २२१४४५२। भुक्तानी गरेको छ।सार्वजनिक खरिद नियमावली अनुसार उपभोक्तालाई निर्माण कार्य दिँदा स्थानीय स्तरमा रोजगारी सृजना हुने श्रममूलक काम मात्र दिनु पर्नेमा यस्ता किसिमका जटिल प्रकृतिका काम समेत उपभोक्ता समितिमार्फत गराउँदा कामको गुणस्तर सुनिश्चित नहुने, काममा प्रतिस्पर्धा नहुने र उपभोक्ताले अन्य व्यवसायी मार्फत काम गराउने देखिन्छ।गाउँपालिकाले यस्ता विषयमा ध्यान पुर्याउनु पर्ने देखिन्छ।

२९. **मापदण्ड विपरीत बाटो निर्माण:** वस्ती विकास ,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मार्गदर्शन, २०७२ को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले दोवा वाखेत बराहथान मोटरबाटो निर्माण लागत अनुमान तयार गर्दा ४ मिटर चौडाई भएको बाटोको लागत अनुमान स्विकृत गरेकोमा कार्यसम्पनन्न प्रतिवेदन अनुसार ४ मिटर भन्दा कम २.५ देखी ६.५ मिटर सम्म चौडाइ भएको बाटो बनाएको पाइयो। स्थानिय निकायले बाटो विस्तार कम्तिमा ४ मिटर चौडाई हुनेगरी मापदण्ड अनुरुप बाटो बनाउनु पर्दछ ।

गो भौ नं र मिति	आयोजनाको नाम	बाटोको चौडाइ	भुक्तानी रकम
९८-२०७७।२।२६	दोवा वाखेत बराहथान मोटरबाटो	२.५ मिटर देखी ६.५ मिटर सम्म	१००००००

३०. **अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८९(१) अनुसार रकम भूक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गरी भूक्तानी गर्नुपर्ने व्यवस्था छ।कार्यालयबाट विभिन्न उपशिर्षकहरुबाट विभिन्न सामग्री खरिद गरकोमा विल अनुसारको पुरै रकममा कर कट्टी गर्नुपर्नेमा कार्यालयबाट व्यहोर्ने रकमको मात्र कर कट्टी गरी भूक्तानी गरेकोले छुट हुन गएको रु.- ९०५३
११८९९। समेत रकम असुल गरी कर दाखिला गर्नुपर्ने रु

भौचर नं	बिबरण	आपुर्तिकर्ता	बील रकम	कर कट्टी गर्नुपर्ने	कर कट्टी गरेको	नपुग कर
१०५	कृषि सामग्री	कृति रेफ्रिजेरेशन एण्ड इलेक्ट्रो मेकानिकल प्रा ली	८०००००	१२०००	६०००	६०००
१५६	प्लाष्टिक टनेल	पंगाली मेसिनरी एण्ड टुल्स सेन्टर	४०७०७९	६१०६	३०५३	३०५३
						९०५३

३१. **मिनि टेलर अनुदानः** १५०-२०७७।३।१७ गाउँपालिकको आ व २०७६।७७ को कृषि तर्फको वार्षिक स्विकृत कार्यक्रमको सि नं १२ मा मिनि टेलर खरिदमा ५० प्रतिशत अनुदान दिने उल्लेख छ ।पालिकाले मणी बराह बहुउदेश्यीय कृषि फर्मलाई रु ७५००० को पेट्रोल मिनिटेलर अनुदान दिएकोमा स्विकृत कार्यक्रम विपरित १०० प्रतिशत अनुदानमा दिएको देखिएकोले स्विकृत कार्यक्रम अनुसार ५० प्रतिशत बढि भुक्तानी भएको रकम सम्बन्धित संस्थाबाट असुल हुनुपर्ने रु — ३७५००

३२. **निर्माण संरचनाको प्रयोगको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपनियय ११ अनुसार निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संहार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राहि समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । त्यस्तै उपनियम १५ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले उपनियम १२ बमोजिम हस्तान्तरित आयोजनाको सेवा उपभोग गरेवापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्ने र सो रकमबाट निर्माण कार्यको संञ्चालन तथा मर्मत संहार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आ व उपभोक्ता समिति मार्फत कोल्ड स्टोर भवन र सामुदायिक डाइनिङ् भवन (फर्निचर समेत) निर्माण गरकोमा उक्त निर्माण संरचना के कसरि प्रयोग गर्ने, कसले प्रयोग गर्ने भनेर कार्यविधि तयार गरेको पाइएन।यसरी संरचना बनाउने तर त्यसको उचित प्रयोगको व्यवस्था नहुँदा उक्त कार्यमा खर्च भएको रु को प्रतिफल प्राप्त हुन सकेको देखिएन । गाउँपालकाले यस्ता विषयमा लगानी पालिकाको आन्तिरक आयमा समेत केहि योगदान पुग्ने गरी कार्यविधि बनाएर मात्र लगानी गर्नुपर्ने देखिन्छ ।साथै निर्मित संरचनाको सहि सदुपयोग गर्ने तर्फ ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

गो भौ न र मिति	योजनाको नाम	रकम
१२८-२०७७।३।५	फलाटे सिड कोल्ड स्टोर निर्माण	९०००००
१-२०७७।३।२५	मोहरेडाँडा सामुदायिक डाइनिङ् निर्माण	२३८२१५४
	जम्मा	११३८२५४

३३. **ढुवानी करः** आयकर ऐन, २०५८ को दफा ८८ अनुरुप ढुवानीमा १० प्रतिशत भाडा कर लगाउनु पर्नेमा योजनाको उपभोक्ताको विल र नापी किताब अनुसार सिमेन्ट, छड लगायतका सामग्रीको ढुवानी रकम भुक्तानी गरेकोमा कम कर कट्टी गरो देखिएकोले नपुग कर असूल हुनुपर्ने रु — ९६६०

गो भौ न र मिति	योजनाको नाम	ढुवानी रकम भुक्तानी	कर कट्टी गर्नुपर्ने रु	कर कट्टी रकम	नपुग रकम
१५१-२०७७।३।१५	सोभित्ता चौतारा देखि स्वात मन्दिरसम्म पर्यटन पदमार्ग	११४७५९	११४७५	१८१५	९६६०

३४. **कर विजकः** १८१-२०७७।३।२६ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ ।शुभकामना इन्जिनियरिङ् सोलुसन प्रा ली लाई मू अ कर समेत रु ३५९४९८। भुक्तानी भएकोमा उक्त प्रा लि ले पेश गरेको कर विजक मा विजक नं हातले लेखेको देखिएकोले भुक्तानी भएको मू अ कर रु २०६८०।०० को कर समायोजन पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने रु — २०६८०

शिक्षा तर्फः

३५. **शिर्षक फरक पारी खर्च** ६२।२०७७।३।७-एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च भएकोले शिर्षक फरक पारी खर्च लेखेको रकम अनियमित देखिएको रु... १७२०६९८

खर्चको व्यहोरा	**खर्च गर्नुपर्ने शिर्षकको नाम**	**खर्च गरेको शिर्षकको नाम**	**खर्च रकम**
तेस्रो चौमासिकमा मा.वि.तहमा कार्यरत शिक्षकहरुको तलवबाट आ.वि तहको शिक्षकहरुको तलव भत्ता भुक्तानी गरी खर्च लेखेको	आधारभुत तर्फको शिक्षक तथा कर्मचारीको तलव भत्ता	मा.वि तहका शिक्षकका तलव भुक्तानी	१७२०६९८

३६. **नभएको शिक्षकको नाममा निकासाः** नेपाल सरकारको स्वीकृत दरवन्दीमा सशर्त अनुदान वापतको निकासा र खर्च निर्देशिका तथा शिक्षा नियमावली, २०५९ को नियम १६५ मा जुन कामका लागि रकम निकासा भएको हो सोही काममा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।पालिका अन्तरगतको पाउद्वार माध्यमिक विद्यालय पाउद्वार म्याग्दीमा कार्यरत नरहेका दुई जना शिक्षकको नाममा विद्यालयबाट रकम माग भई आएकोमा पालिकाबाट माग बमोजिमको रकम निकासा भएको छ।पालिकाले शिक्षक भए नभएको सम्वन्धमा मिति २०७७।०९।१४ मा प्रधानध्यापकको नाममा पत्र काटी सोको वारेमा स्पष्टीकरण लिदाँ एक जना शिक्षक मिति २०७५।०४।०६ देखि र अर्को एक जना २०७६।०९।०४ देखि विद्यालयमा नभएकोमा निजहरुको नाममा प्रत्येक चौमासिकमा रकम बुझेको भरपाई पेश गरी निकासा माग गरेको पालिकाको भनाई रहेको छ।यसरी गलत कागजात तयार गरी लामो समयदेखि निकासा भएकोमा सम्वन्धित निकाय एंव व्यक्तिबाट चुस्त अनुगमन समेत नभएको तथा उक्त शिक्षकहरुको नाममा निकासा भएको रकमको दुरुपयोग भएको सम्वन्धमा छानविन गरी निकासा भएको रकमको व्याज समेत हिसाव गरी २०७७ आषाढसम्म उल्लिखित शिक्षकहरुको नाममा निकासा भएको रु.११९९३८४।०० सम्वन्धित विद्यायलबाट असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. ८८६४१७

शिक्षकको पद नाम थर	स्थायी ठेगाना	अध्यापनको विषय	विद्यायलयमा हाजिर नभएको मिति	२०७७आषाढ मसान्तसम्मको निकासा
मा .वि. तह हिरालाल गौडेल	कालिका न.पा ०६, चितवन	विज्ञान विषय	२०७५।४।६ देखि नभएको	६१४२८६
मा. वि. तह विष्णु प्रसाद खनाल	कुशापानी, ०७ दैलेख	गणित विषय	२०७६।०९।०४ देखि नभएको	२७२१३१
			जम्मा	८८६४१७

३७. **विद्यार्थी शिक्षक अनुपातः** पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ३१ विद्यालयहरुको शिक्षक पदपुर्ती तथा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

सि.न	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	करार	विद्यार्थिसंख्या
१	सुनारी आ.वि	३	३	१	११
२	कैलाश मा.वि	१५	११	७	१५५
३	सर्वोदय मा.वि	१६	१६	९	२१९
४	हिमालय आ.वि	६	६	३	२६
५	सुवा आ.वि	६	६	५	३५
६	जनकल्याण आ.वि	४	४	३	१२
७	ज्योती आ.वि	५	५	४	२२
८	सरस्वती आ.वि	५	५	२	३४
९	ज्ञान प्रकाश मा.वि	१८	१८	८	२६३

१०	धवलागिरी आ.वि	४	४	४	१०
११	प्रभा माध्यामिक विद्यालय	१७	१७	९	१९७
१२	निलगिरी आ.वि	५	५	२	२६
१३	क्रान्ती विद्यालय	५	५	४	२३
१४	नारच्याङ्ग आ.वि	६	६	३	४७
१५	शिख मा.वि	१७	१७	९	१४९
१६	हिमालय आ.वि	२	२	२	८
१७	किन्दु आ.वि	६	६	२	१९
१८	शारदा आ.वि	४	४	२	१७
१९	शिखर आ.वि	४	४	२	८
२०	पाउद्वार आ.वि	४	४	२	१५
२१	पाउद्वार मा.वि	१६	१५	११	१२१
२२	मुक्तिपथ आ.वि	४	४	२	२१
२३	पोखरे आ.वि	६	६	३	२२
२४	भुवानीथान आ.वि	५	५	३	४४
२५	खिवाङ्ग आ.वि	९	९	४	५२
२६	मुक्तिमार्ग मा.वि	१९	१८	१०	२६९
२७	लालिगुंरास आ.वि	४	३	१	५
२८	मण्डली आ.वि	५	५	२	३९
२९	घराम्दी आ.वि	६	३	३	२२
३०	शिवालय आ.वि	४	४	१	१३
३१	टिकोट मा.वि	१५	१५	७	७०
३२	आदर्श मा.वि	१४	१४	६	६९
३३	काफलडांडा आ.वि	११	११	९	७६
३४	चन्द्र आ.वि	५	५	२	८
३५	देउराली आ.वि	८	८	४	३०
३६	हिमाञ्चल मा.वि	१७	१७	७	७५
३७	शान्ति कालिका आ.वि	३	२	०	०
	जम्मा	३०३	२९२	१५८	२२३२

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- सि नं ३७ शान्ती कालिका आ.वि मा विद्यार्थी संख्या शुन्य रहेकोमा शिक्षक दरवन्दी ३ जना रहेकोमा पदपुर्ती २ जना रहेको देखिन्छ ।विद्यार्थी संख्या शुन्य रहेको विद्यालयमा शिक्षक पदपुर्ती गरी खर्च लेख्नु उपयुक्त देखिएन।

सि नं १८ र १९ विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी दखिएकोले कम भएको विद्यालयमा दरवन्दी मिलान एवम् न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

३८. **पोशाक भत्ताः** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।२१ को निर्णयअनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थीक वर्ष ०७४।७५ बाट लागु हुने गरी सालबसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारिले सरह उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रलायले मिति २०७४।१।२५ गते परिपत्र गरेकोमा पालिकाले स्वीकृत दरबन्दी भन्दा बाहिरका ४ जना कर्मचारी ल्याटो मेनुका ज्वारचन, सम्झना पुन स्रोत व्यक्ति भरत कुमार पुन तथा ना सु मुकुन्द

	पौडेललाई पोशाक भत्ता वापत रु.४००००।०० भुक्तानी भएको रकम असूल गर्नपर्ने रु...	४००००
	स्वास्थ्य तर्फः	
३९.	**कार्यक्रम भन्दा अगाडी भुक्तानी २५।२०७६।१२।५**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नु र राख्न लगाउनुपर्ने उल्लेख छ। पालिकाले वैशाख ६ र ७ गते रहेको राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न गरी मात्र खर्च लेख्नुपर्नेमा कार्यसम्पन्न गर्नुभन्दा अघि नै चैत्र महिनामा नै खर्च लेखेको पाइयो। कार्यक्रम भन्दा अगाडी खर्च लेखेको उक्त रकम नियमसंगत नदेखिएको रु	११५२००
३९.१.	**म्याद समाप्त भएको औषधिः** गाउंपालिकाको स्वास्थय शाखाका स्टोरमा नमुनाको रुपमा केहि औषधिहरु परीक्षण गर्दा देहाय अनुसारका औषधिहरु प्रयोगमा नआइ म्याद सकिएको पाइयो। म्याद सकिएको औषधि बर्षौ बित्दा पनी नष्ट नगरी अव्यवस्थित ढंगले भण्डारण गरि राखेको पाइयो। यसरी म्याद सकिएका औषधिहरु भुलवस प्रयोग भएमा नागरिकको जिबनमा प्रतिकुल असर पर्ने देखिन्छ। गांउपालिकाले कानुनी प्रकृया पुरा गरी म्याद सकिएका औषधि नष्ट गर्नुपर्दछ।	

क्रम संख्या	**औषधिको नाम**	**परिमाण**	**मुल्य**
१	Fursemide Injection	20	मुल्य नखुलेको
२	Rutf	300	मुल्य नखुलेको
३	0.1 ml syringe	350	मुल्य नखुलेको
४	Ferrous sulphet	7500	मुल्य नखुलेको
५	Virex	25	मुल्य नखुलेको
६	Albendazole	1800	मुल्य नखुलेको
७	Paracetamole Syp	150	मुल्य नखुलेको
८	Rl	125	मुल्य नखुलेको
९	Pills	576	मुल्य नखुलेको
१०	Metron Syp	100	मुल्य नखुलेको
११	Metformin	500	मुल्य नखुलेको
१२	Lignocaine 2%	10	मुल्य नखुलेको
१३	Narimalano	25	मुल्य नखुलेको
१४	Pheniramine Inj	20	मुल्य नखुलेको
१५	Zinc 20 mg	200	मुल्य नखुलेको

३९.२.	**वढी भुक्तानीः ६३।२०७७।३।२३**-राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र टेकु द्वारा जारी गरिएको कार्यक्रम संचालन निर्देशिका, २०७६/७७ मा तालिम तथा गोष्ठी संचालन गर्दा खर्चको सिमाभित्र रहेर गर्नुपर्ने उल्लेख छ। निर्देशिका अनुसार वैठक भत्ता वापत रु ७०० र यातायात खर्च दुरी अनुसार रु २०० देखि ५०० सम्म दिने मिल्ने व्यवस्था रहेकोमा पालिकाले पालिका स्थीत सभाहल भित्र विभिन्न समयमा संचालित मासिक रिपोर्टिङ्ग तथा समिक्षा वैठकमा देहायवमोजिमका व्यक्तिहरु उपस्थीत भई खर्चको मापदण्ड भन्दा वढी खर्च लेखेको पाइयो। यसरी खर्चको मापदण्ड विपरीत भएको खर्च सम्बन्धित व्यक्तिवाट असुल गर्नुपर्ने रु	९३९००

नाम	वैठक संख्या	वैठक भत्ता	यातायात भत्ता	कुल पाएको	पाउनुपर्ने वैठक भत्ता	पाउनुपर्ने यातायात भत्ता	कुल पाउनुपर्ने	फरक
झपेन्द्र घिमिरे	३	३६००	३०००	६६००	२१००	१५००	३६००	३०००
जुना गर्बुजा	३	३६००	३०००	६६००	२१००	१५००	३६००	३०००
सुजता शर्मा	५	६०००	५०००	११०००	३५००	२५००	६०००	५०००
विक्रम पुन	१०	१२०००	१००००	२२०००	७०००	५०००	१२०००	१००००

पूर्ण प्र.उपाध्याय	१	१२००	५००	१७००	७००	५००	१२००	५००
याम कु.पुर्जा	२	२४००	१४००	३८००	१४००	१०००	२४००	१४००
राम नरेश साह	१	१२००	७००	१९००	७००	५००	१२००	७००
मिना नेपाली	१	१२००	७००	१९००	७००	५००	१२००	७००
विपना वाक्दास	१	१२००	७००	१९००	७००	५००	१२००	७००
रविना दर्जी	६	७२००	४२००	११४००	४२००	३०००	७२००	४२००
अर्जुन राना	३	३६००	२१००	५७००	२१००	१५००	३६००	२१००
लालदेवी गर्वुजा	८	९६००	५६००	१५२००	५६००	४०००	९६००	५६००
पुर्णिमा सेरपुञ्जा	१०	१२०००	८०००	२००००	७०००	४०००	११०००	९०००
हेम व.पुन	२	२४००	२०००	४४००	१४००	१०००	२४००	२०००
डिल कु.पाइजा	६	७२००	६०००	१३२००	४२००	३०००	७२००	६०००
मदन लाल राई	१	१२००	१०००	२२००	७००	५००	१२००	१०००
तुल व.रञ्जीता	२	२४००	२०००	४४००	१४००	१०००	२४००	२०००
प्रमिता गुरुङ्ग	२	२४००	१४००	३८००	१४००	१०००	२४००	१४००
रिषव पाण्डे	१	१२००	७००	१९००	७००	५००	१२००	७००
रञ्जीता पाइजा	२	२४००	१४००	३८००	१४००	१०००	२४००	१४००
कल्पना पौडेल	६	७२००	४२००	११४००	४२००	३०००	७२००	४२००
डिल्लीराज आचार्य	१	१२००	१०००	२२००	७००	५००	१२००	१०००
गौमाता वाठा	२	२४००	२०००	४४००	१४००	१०००	२४००	२०००
मतिश्री गर्वुजा	१	१२००	१०००	२२००	७००	५००	१२००	१०००
धनमाया सेरपुञ्जा	७	८४००	७०००	१५४००	४९००	३५००	८४००	७०००
चांदनी घले	२	२४००	३०००	५४००	१४००	१०००	२४००	३०००
वनिका गर्वुजा	२	२४००	३०००	५४००	१४००	१०००	२४००	३०००
मदन चोखाल	६	७२००	९०००	१६२००	४२००	३०००	७२००	९०००
समुन्द्र बरुवाल	११	११०००	०	११०००	७७००	०	७७००	३३००
जम्मा								९३९००

३९.३. **औषधी खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर स्थानीय तहले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु ९लाखको औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी

अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४०. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पैदल मार्ग निर्माण र सडक तथा वाटो मर्मत कार्यमा रु.१ लाख ४९ हजार खर्च गरी १८६ जनालाई प्रत्यक्ष रोजगार प्रदान गरिएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन। वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ।

४१. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु... ९२००००

गो भा नं/मिति	पेश्की लिनेको नाम	वापत	रकम
		ब्यत्तिगत पेश्की	
८३.२०७७.०३.२८	राम बहादुर गुरुङ्ग	सुरक्षित नागरिक आवास कार्यक्रम	३००००
८३.२०७७.०३.२८	लिलादेवी तिलिजा	सुरक्षित नागरिक आवास कार्यक्रम	३००००
८३.२०७७.०३.२८	बलमान पुर्जा	सुरक्षित नागरिक आवास कार्यक्रम	३००००
८३.२०७७.०३.२८	देउ प्रसाद पुर्जा	सुरक्षित नागरिक आवास कार्यक्रम	३००००
		जम्मा	१२००००
		उपभोक्ता समिति पेश्की	
२,२०७७.२.६	रेलखोला पल्लो घलेम्दी उपभोक्ता समिति	रेलखोला पल्लो घलेम्दी उपभोक्ता समिति	४०००००
३,२०७७.२.२१	धिमाले झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति	धिमाले झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति	४०००००
		जम्मा	८०००००
		कूल जम्मा	९२००००

अनुसु च १

पा लकाको सं चतकोषको ववरण

२०७६।०७७

प्रदेशः गण्डकी (रु हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	म्याग्दी	अन्नपूर्ण गाउँपालिका	८०२२४	२८३०८८	४८६५९	१०४५९	१०१०२३	४४३२२९	१८९३४०	६७४५८	१४९२१३	४०६०११	११७४४२

अनुसु च २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६।७७

(रु हजारमा)

सि नं	जिल्ला	स्थानिय तहको नाम	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनिय मत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां न लएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	म्याग्दी	अन्नपूर्ण गाउँपालिका	३३	२६	१०६४०	०	१३	४३५३	३३	१३	६२८७	२३५३	२९९३	२१	०	०	३०१४	०	९२०	९२०

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	अन्नपूर्ण गाउँपालिका	म्याग्दी	६५५५५	१५०६४	५०४९१	०	६२८७	५६७७८